कन्सोर्टियम-नेपाल
Consortium Nepal

बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह

# मासिक कार्यसम्पादन पत्र

जून २०२४

वर्ष : ३, अंक : ६

## जून २०२४ मा सम्पन्न भएका गतिविधिहरु

### १. राष्ट्रिय योजना आयोगलाई प्रतिवेदन हस्तान्तरण

९ जून, २०२४- बालबालिकाको नेतृत्वमा तयार गरिएको दिगो विकास लक्ष्यको स्वेच्छिक प्रतिवेदन राष्ट्रिय योजना आयोगको माननीय सदस्य प्रा. डा. संगीता सिंहलाइ हस्तान्तरण गरिएको छ । देशका सातै प्रदेशका बालबालिकाहरुको



प्रतिनिधित्व गर्दै स्थानीय स्तरको कार्यशालाहरुबाट बालबालिकाहरुको प्रत्यक्ष सहभागितामा संकलन गरिएको जानकारीहरु समेटर प्रतिवेदन तयार गरिएको थियो । प्रतिवेदन लेखन समुहका बालबालिकाहरुले सातै प्रदेशबाट आएका बालबालिकाहरुको सवालहरुको निष्कर्ष यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ । दिगो विकासका लक्ष्य र बालबालिकाका सवालहरुलाई समेटिएर तयार गरिएको यस प्रतिवेदनलाई बालबालिका आफैले राष्ट्रिय योजना आयोगलाई हस्तान्तरण गरेका थिए । माननीय सदस्यद्वारा बालबालिकाको नेतृत्वमा तयार गरिएको दिगो विकास प्रतिवेदन नेपालमै पहिलो पटक गरिएको सुरुवात भएकोले सम्पूर्ण बालबालिकाको भूमिकाको कदर गर्नुभएको थियो । माननीय सदस्यले यस प्रतिवेदनमा आएका सवालहरुलाइ राष्ट्रिय योजना आयोगले तयार गर्ने प्रतिवेदनमा समावेश गर्ने कुरामा आफ्नो प्रतिबद्धता व्यक्त गर्नु भएको थियो ।

१२ जून, २०२४, यस्तै राष्ट्रिय योजना आयोगद्वारा दिगो विकास लक्ष्यको स्वेच्छिक प्रतिवेदन सम्प्रेषण कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रममा सम्पूर्ण नागरिक समाजहरुको प्रतिवेदन प्रस्तुतिको क्रम कन्सोर्टियम नेपालको तर्फबाट राष्ट्रिय बाल पैरवी परिषदका सदस्य आशुतोष कार्कीले बालबालिकाको नेतृत्वमा तयार गरिएको दिगो विकास लक्ष्यको स्वेच्छिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

### २. दिगो विकास लक्ष्यहरूमा स्वेच्छिक स्थानीय समीक्षाको बालबालिकनको नेतृत्वमा उपत्यका स्तरीय कार्यक्रम सम्पन्न

दिगो विकास लक्ष्य (SDGs) र बालबालिकाको नेतृत्वमा तयार गरिने स्वेच्छिक राष्ट्रिय समीक्षा (VNR) प्रतिवेदनबारे उपत्यका स्तरको कार्यशाला सम्पन्न भएको थियो । कार्यशालामा काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका बालबालिकाहरुको

सहभागिता रहेको थियो। कार्यशालाको नेतृत्व राष्ट्रिय बाल पैरवी परिषद सदस्य आशुतोष कार्की र प्रेक्ष्य अधिकारीले गरेका थिए। यस छलफलले बालबालिकाका विचार र सिफारिसहरू सङ्कलन गर्ने उद्देश्य राखेको थियो । छलफलबाट संकलन भएका सवालहरुलाई राष्ट्रिय कार्यशालामा प्रस्तुत गरिएको थियो।



## ३. दिगो विकास लक्ष्यहरूमा स्वैच्छिक प्रतिवेदन सम्बन्धि राष्ट्रिय कार्यशाला सम्पन्न




१ जून २०२४, कन्सोर्टियम नेपालको सहजीकरणमा दिगो विकास दिगो विकास लक्ष्य अन्तर्गत बालबालिकाको नेतृत्वमा तयार गरिने स्वेच्छिक राष्ट्रिय समिक्षा प्रतिवेदन सम्बन्धि राष्ट्रिय कार्यशाला सम्पन्न भएको छ। राष्ट्रिय कार्यशालाको सुरुवात उद्घाटन सत्रबाट भएको थियो। कार्यक्रमको उद्घाटन सत्रको संचालन कन्सोर्टियम नेपालका महासचिव अनिता पाण्डेले गर्नुभएको थियो। कार्यक्रममा उपस्थित सम्पूर्ण सहभागीहरुलाई स्वागत मन्तव्यबाट सत्रको सुरुवात गरिएको थियो । कन्सोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जनले कार्यशालाको उद्देश्यबारे संक्षिप्त गराउदै मन्तव्य राख्नु भएको थियो । उहाले बालबालिकाको नेतृत्वमा तयार गरिने स्वेच्छिक राष्ट्रिय समीक्षा (VNR) प्रतिवेदनबारे प्रक्रिया प्रस्तुत गर्दै विभिन्न प्रदेशमा बालबालिकाको नेतृत्वमा आयोजना गरिएको स्वेच्छिक स्थानीय समिक्षा प्रतिवेदन बारे उल्लेख गर्नुभएको थियो। कार्यशालामा राष्ट्रिय बाल पैरवी परिषद् सदस्य तथा प्रदेश र स्थानीय बाल क्लबको प्रतिनिधित्व गर्दै बालबालिकाहरुको सहभागिता रहेको थियो।

कार्यशालामा ७ वटै प्रदेशबाट बालबालिकाको प्रतिनिधित्व भएको थियो। यस अघि सातैवटा प्रदेशको दुईवटा स्थानीय तहमा दिगो विकास लक्ष्य र बालबालिकाको नेतृत्वमा तयार गरिने स्वेच्छिक राष्ट्रिय समिक्षा प्रतिवेदन बारे स्थानीय स्तरमा कार्यशाला आयोजना गरिएको थियो । स्थानीय स्तरबाट प्राप्त सुझावलाई समेटेर एकिकृत प्रतिवेदन तयार पार्न यस कार्यशालामा छलफल गर्दै बालबालिकाकै समूह बाट प्रतिवेदन लेखन समूह गठन गरिएको थियो । कार्यशालाको समापन सत्रमा राष्ट्रिय योजना आयोगको माननीय सदस्य, गैर सरकारी संस्था महासंघ नेपाल, नेपाल SDG फोरम, राष्ट्रिय बाल अधिकार परिषद्का उपाध्यक्ष्य, विकासका साझेदार संस्था, बाल अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संस्थाहरुको प्रतिनिधित्व रहेको थियो।



## ४. नेपालमा बाल अधिकार आन्दोलनको अध्ययन : समिक्षा तथा भावी कार्यदिशा सम्बन्धि छलफल एवं सुझाव संकलन कार्यक्रम सम्पन्न



२२ जून २०२४, नेपालमा बाल अधिकार आन्दोलनको अध्ययन : समिक्षा तथा भावी कार्यदिशा सम्बन्धि छलफल एवं सुझाव संकलन कार्यक्रम सम्पन्न भएको छ । कन्सोर्टियम नेपाल र बाल अधिकारको क्षेत्रमा कार्यरत नागरिक समाज सञ्जालको संयुक्त प्रयासमा "नेपालमा बाल अधिकार आन्दोलन र अभियानको अध्ययन : समिक्षा तथा भावी कार्यदिशा" विषयक अध्ययन गरिएको र यसको मस्यौदा प्रतिवेदन तयार गरिएको छ । उक्त प्रतिवेदन माथि छलफल गर्न बालअधिकारका क्षेत्रमा कार्यरत विभिन्न संजालहरु, बालबालिका, विकासका साझेदार संस्थाहरुको उपस्थिति रहेको थियो । कार्यक्रम नेपालमा बाल अधिकार आन्दोलनको अध्ययन : समिक्षा तथा भावी कार्यदिशा सम्बन्धि प्रतिवेदन सम्प्रेषण गरिएको थियो । प्रतिवेदन माथि सहभागीहरुहरुले आफ्नो अमुल्य सुझाव प्रदान गरेका थिए ।

## ५. बालसहभागिता सम्बन्धि व्यवस्थाको समिक्षा विषयक कार्यशाला

२८, २९ जून २०२४ नेपाल सरकारले २०७५ सालमा बालबालिका सम्बन्धि ऐन जारी गरेको थियो । उक्त ऐनले बालबालिकाको समग्र विकासलाइ जोडेर बाल संरक्षण, बाल विकास, बाल बचाऊ र बाल सहभागिताका पक्षमा राम्रो व्याख्या गरेको छ । बाल अधिकारको विषयमा कुरा गर्दा बाल सहभागिताको सवाल पछाडी परेको दखिन्छ । यसै सन्दर्भमा उक्त ऐनमा रहेको बाल सहभागिताको व्यवस्थालाई समिक्षाको लागि योजना निर्माण बैठक स्वरुप



काभ्रेको धुलिखेल स्थित २ दिने कार्यशाला आयोजना गरिएको थियो । उक्त कार्यशालामा राष्ट्रिय सभा अन्तर्गत विधायन व्यवस्था समितिका प्रतिनिधि र कन्सोर्टियम नेपालका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

## सदस्य संस्थाहरुद्वारा संचालित गतिविधिहरु

## १. बालमैत्री स्थानीय शासन घोषणा

सिन्धुली जिल्लाको को फिक्कल गाउँपालिका ५ नं वडालाई जेष्ठ ३० गते जिल्ला समन्वय समितिका प्रमुख श्री कारसाङ लामा ज्यूको प्रमुख आतिथ्यतामा फिक्कल गाउँपालिकाको पहिलो र सिन्धुली जिल्लाको तेश्रो बालमैत्री स्थानीय शासन वडा घोषणा गरिएको छ । त्यसै गरी तीनपाटन गाउँपालिका ११ नं वडालाई जेष्ठ ३१ गते सिन्धुली जिल्ला क्षेत्र नं १ का संघिय सांसद श्री श्याम कुमार घिमिरेको प्रमुखको आतिथ्यतामा तीनपाटन गाउँपालिकाको तेश्रो र सिन्धुली जिल्लाको चौथो बालमैत्री स्थानीय शासन वडा घोषणा गरिएको छ । दुबै वडाले बालमैत्री स्थानीय शासनका ५१ वटा सूचक र ५ वटा चरण पूरा गरे पश्चात् वडाले स्थलगत अनुगमनबाट प्रमाणीकरण गरी सूचक प्राप्तीको प्रतिवेदन गाउँपालिकामा पेश गरिएको थियो । तत्पश्चात् गाउँपालिकाले स्थलगत अनुगमनबाट प्रमाणीकरण गरी सूचक प्राप्तीको प्रतिवेदन जिल्ला समन्वय समितिमा पेश गरिएको थियो । तत्पश्चात् जिल्ला समन्वय समितिले स्थलगत

अनुगमनबाट प्रमाणीकरण गरी बालमैत्री स्थानीय शासन घोषणाको लागि वडालाई अनुमति प्रदान गरिएको थियो । बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रम बालबालिकाले सञ्चालन गरेका थिए ।



## २. बालमैत्री वडा निर्माण र बाल विवाह अन्त्य लागि सडक नाटक

सन्दकपुर गाउँपालिका वडा नं. को श्री सरस्वती मा.वि., श्री इस्ट स्काई एकाडेमी, श्री माइ पोखरी एकाडेमी र श्री माइपोखरी संस्कृतमा बालमैत्री वडा निर्माण र बाल विवाह अन्त्य लागि सडक नाटक सम्पन्न भएको छ ।



यस नाटक संचालन गर्नका निमित  विद्यालय परिवार, गाँपालिका, वडाध्यक्ष तथा वडा परिवार, बालकल्याण अधिकारी, महिला बालबालिका शाखा, शिक्षा शाखा, बालक्लवहरुको सहकार्य रहेको थियो ।

मानव अधिकार मञ्च नेपाल आयोजन,  प्रदेश सरकार सामाजिक बिकास मन्त्रालयको सहयोग तथा सन्दकपुर गाउँपालिका र सन्दकपुर गाउँपालिका वडा नं. ३ सुलुबुङ सहकार्य र समन्वय रहेको यस नाटकको प्रस्तुति चेतना नाट्य समूह, इलामले गरेको थियो ।

## ३. १२ बुदे घोषणा पत्र जारी गर्दै सकियो बालक्लब सदस्य तथा बालक्लब पुर्व सदसयहरुको प्रथम जिल्ला स्तरीय सम्मेलन

२०८१ राजविराज, २४ जेठ, बालक्लब सदस्य तथा बालक्लब पुर्व सदसयहरुको प्रथम जिल्ला स्तरीय सम्मेलन १२ बुदे घोषणा पत्र जारी गर्दै सकिएको छ । संबिधानको कार्यान्वयसंगै बाल अधिकार, युवा अधिकार आर्थिक तथा समाजिक बिकास र लोकतन्त्रको संस्थागत सुदुढिकरण र अभ्यासमा नयाँ अवसरहरु सृजना



गरेको हामीले महसुस गरेका छौ । नेपालको लोकतान्त्रिक गणत्रन्त्रको संस्थागत सुदुढिकरण तथा बाल अधिका , युवा रोजगार र युवा सहभागिताको प्रर्वद्धका गर्नुपर्ने, यस जिल्लाका स्थानिय तहहरुलाई बालमैत्री स्थानिय शासन घोषणका निम्ति पहल गर्ने तथा सहयोग गर्न प्रतिबद्धता गर्दछौ, बालअधिका महासन्धिका सिद्धानतमा रही बाल बचाउ, बाल संरक्षण, बाल बिकास र अर्थपुर्ण बालसहभागिताका सवालहरुमा स्थानिय तहको बजेट तथा नीति कार्यक्रममा समावेश गराउन आग्रह गर्दछौ, युवाहरुलाई देशमा भविष्य छ भन्ने संदेश जनतास्तरमा पु-याउनका लागि युवा उद्यमशिलताको बिकास गरी रोजगारी प्रवधन गर्ने नविन योजना तथा कार्यक्रम संचालन गर्ने,यूवाहरुलाई प्राविधिक शिक्षा प्रदान गर्न साथै यूवाहरुको सहभागिता वृद्धि गर्न आग्रह गर्ने, बाल क्लव सदस्य र बाल क्लवका पुर्व सदस्यहरुको प्रथम जिलला स्तरयि सम्ममेलनबाट प्राप्त निष्कर्षहरुको व्यवहारिक कार्यान्वयनका लागि सबै सरोकारवाला निकाय, बिकासका साझेदार, नीजी क्षेत्र तथा गैससहरुलाइ हार्दिक अपिल गर्दछौ जारी

घोषणा पत्रमा उल्लेख गरिएको छ । खडक नगरपालिका, छिन्नमस्ता गाउँपालिका, लाईफ नेपाल, तथा सेभ द चिल्ड्रेन र सबल नेपालको सहयोगमा जिल्लाको राजविराजमा जिल्ला वालक्लव संजालले आयोजना गरेको उक्त सम्मेलनमा १८ वटै पालिकाका १०६ जना बिभिन्न बालक्लवका सदसय र पुर्वसदस्यहरुको सहभागिता रहेको थियो । समेलन जिल्ला बाल क्लब संजालका अध्यक्ष सलमा खातुनको अध्यक्षतामा, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साहको प्रमुख आतिथ्यिमा र संघीय सांसद माननीय बिरेन्द्र कुमार यादवको विशिष्ट आतिथ्यमा २ दिन सम्म संचलान पश्चात सम्पन्न भएको उक्त समेलनमा बाल मैत्री स्थानीय शासन, बाल साझेदारी, जलवायु परिबर्तन, लागु पदार्थ दुर्ब्यर्शनी र क्राइम सम्बन्धि बिषयहरुमा क्षमता अभिबृद्धि समेत दिएका थिए ।

## ४. पालिका प्रमुखहरुलाई १२ बुदे घोषणापत्र



राजविराज, ५ असार २०८१ , बाल अधिकार सुनिश्चितताको लागि हाम्रो अभियान मूल नारा रहेको घोषणापत्र बुधवार बिभिन्न पालिकाका प्रमुखहरुलाई हस्तान्तरण गरिएको छ ।

जिल्ला बाल क्लब संजालका अध्यक्ष सलमा खातुनको नेतृत्वमा सप्तरी जिल्लाका १८ वटा पलिकाहरुलाई १२ बुदे घोषणा पत्र हस्तान्तरण गरिएको हो ।

नगर सभा, गाउ सभामा बालबालिकालाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रमहरु समावेश गर्ने उद्धेश्यका साथ बुधवार खडक नगरपालिका तथा सुरुङ्ग नगरपालिकाका नगर प्रमुखलाई घोषणा पत्र हस्तान्तरण गरिएको जनाईएको छ ।

उक्त अबसरमा गा.पा. र पालिकाका नगर स्तरीय बाल क्लबका सदस्यहरु, पूर्ब बाल क्लब सदस्य, जिल्ला बाल क्लब सदस्य तथा सबल नेपाल र सेभ द सप्तरीका प्रतिनिधिहरु सहभागी रहेको थियो ।



सबल नेपालको बिशेष पहल एव सप्तरी जिल्ला बाल क्लब संजाल तथा पूर्ब बाल क्लब सदस्यहरु द्वारा गत २०८१ जेष्ठ २० र २१ गते जिल्लाको राजबिराजमा प्रथम जिल्ला सम्मेलनको आयोजना गरी १२ बुदे घोषणा पत्र जारी गरिएको थियो ।

## हार्दिक बधाई एवं शुभकामना

DAO Registration No. 131-2070
SWC Affiliation No. 37795

**बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम नेपाल)**
**CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION (CONSORTIUM NEPAL)**

**किर्डाक नेपालप्रति समर्पित**

आज यो ऐतिहासिक अवसरमा, कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक नेपाल) ले आफ्नो २५ औं वार्षिक उत्सव मनाउँदै छ । यस विशेष अवसरमा, संस्थालाई कन्सोर्टियम नेपाल परिवारको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

कन्सोर्टियम नेपालको सदस्य संस्था समेत रहेको किर्डाक विगत २५ वर्षदेखि कर्णाली क्षेत्रको ग्रामीण विकास र अनुसन्धानमा अतुलनीय योगदान पुर्याउँदै आएको छ । सामाजिक क्षेत्रमा रचनात्मक कार्य गर्दै यो संस्था आफ्नो स्थापना कालदेखि नै शिक्षा, स्वास्थ्य, कृषि, वातावरण संरक्षण, तथा अन्य विविध क्षेत्रमा क्रियाशिल रहेको र यो वास्तवमै सराहनीय छ । संस्थाले समुदायको आवश्यकतालाई मध्यनजर राख्दै, विकास र अनुसन्धानका विभिन्न अभियानहरू गर्दै आइरहेको छ ।

आगामी दिनहरूमा पनि किर्डाकले आफ्नो कार्यदिशालाई निरन्तरता दिँदै, कर्णाली क्षेत्रको समग्र विकासमा थप योगदान पुर्याउनेछ भन्ने विश्वास लिएका छौं ।

शुभकामना !

सन्तोष महर्जन
अध्यक्ष

मिति : २०८१ असार ९

अनिता पाण्डे
महासचिव

बाल सहभागिता : संविधानदेखि व्यवहारसम्म
Consortium-Nepal Secretariat, PragatiMarga, Sankhamul, Kathmandu-10, Kathmandu, Nepal
Phone No: +977-1-4791327, E:Mail: participation.consortium@gmail.com, URL: www.consortium.org.np

## आमसञ्चार माध्यममा कन्सोर्टियम नेपाल










## कन्सोर्टियम नेपालले जुन २०२४-मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रम | आयोजक |
|---|---|---|
| १ | 9 June 2024- Workshop on Policies and Programs for Prevention of Child Labor | Lalitpur Metropolitan |
| २ | 9th June 2024- Nepal's Third Voluntary National Review Taskforce Meeting | Government of Nepal, National Planning Commission |
| ३ | 19 June – Interaction with partners | GSIF |
| ४ | 12 June -VNR on SDG's report Sharing Event | National Planning Commission |

**संयोजन :** उषा कार्की ,कार्यक्रम अधिकृत, कन्सोर्टियम नेपाल


**थप जानकारीका लागि सम्पर्क :**

**कन्सोर्टियम नेपाल**

शंखमुल, काठमाडौँ

सम्पर्क नं. : ०१-४७९१३२७

इमेल : participation.consortium@gmail.com